नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(योजना तथा अनुगमन शाखा)

पत्र संख्या : २०८१/०८२

चलानी नं. : २२१

नेपाल संवतः ११४५

मितिः- २०८१/१२/२१

विषयः- *कार्यक्रममा निमन्त्रणा सम्वन्धमा ।*

श्री स्थानीय तह, सबै (७५३)

प्रस्तुत विषयमा पाणिनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, अर्घाखाँचीको च.नं. १३१९ मिति २०८१/१२/१३ को पत्र यसैसाथ संलग्न गरी आवश्यक जानकारीका लागि प्रेषित गरिएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(गोविन्द के.सी.)
शाखा अधिकृत

*बोधार्थः*

श्री सूचना तथा प्रविधि शाखा,
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः
मन्त्रालयको Website मा Upload गरिदिनुहुन ।

# पाणिनि गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## पाणिनि तपोभूमि सम्मेलन - २०८१ को सचिवालय
दुर्गाफाँट, अर्घाखाँची, लुम्बिनी प्रदेश नेपाल

पत्र सं: २०८१।८२
च.नं.: १३१५

मिति: २०८१/१२/१३
ने.सं. ११४५ चिल्लागाः १२, बुधबार

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौँ।

**विषयः सहयोग सम्बन्धमा !!**

प्रस्तुत विषयमा यस गाउँपालिकाले पाणिनि तपोभूमिलाई ऐतिहासिक र धार्मिक अभिलेखीकरण, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रचार, पाणिनि विरासतको विश्वव्यापी प्रसार, सनातन संस्कृति र संरक्षण जागरुकता, अनुसन्धान र योग केन्द्रको स्थापना, सहकार्यमूलक विकास योजना, प्राकृतिक र सांस्कृतिक संरक्षण गर्दै उत्कृष्ट धार्मिक एवं पर्यटकीय क्षेत्रको रुपमा विकास एवं विस्तार गर्न पाणिनि तपोभूमि सम्मेलनको आयोजना गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

महर्षि एवं सन्त महात्माहरूको तपोभूमि लुम्बिनी प्रदेश, अर्घाखाँची जिल्ला, पाणिनि गाउँपालिकामा अवस्थित देवभाषा संस्कृत व्याकरणका पिता महर्षि पाणिनिले आशुतोष भगवान् शिवको पूजा आराधना र तपस्या गर्दा साक्षात् शिव भगवान् प्रकट भई डमरु बजाउँदै तपस्वी महर्षि श्री पाणिनि ऋषिलाई वरदान स्वरूप चौध सुत्रहरू डमरुको धुनमा प्रदान गर्नुभएको तपस्थल पाणिनि तपोभूमिमा पाणिनि गाउँपालिका, अर्घाखाँची, रैनादेवी छहरा गाउँपालिका, पाल्पा, पर्यटन विकास परिषद्, बुटवल, रुपन्देही र नेपाल पर्यटन बोर्ड, काठमाडौँको संयुक्त आयोजनामा पहिलो पटक हुन लागेको ऐतिहासिक **पाणिनि तपोभूमि सम्मेलन-२०८१** भव्य रुपमा सफल पार्न तहाँ मन्त्रालयबाट सात वटै प्रदेश सरकार, ७५३ वटै स्थानीय तहलाई पाणिनि तपोभूमि सम्मेलनमा सहभागिताको परिपत्र गरि सहयोग गरिदिनु हुन साथै सहभागिता सम्बन्धी पत्र यसै साथ संलग्न राखि पठाईएको व्यहोरा सादर अनुरोध छ।

**रोमनाथ न्यौपाने**
**(सचिवालय-सचिव)**

**टेकराज न्यौपाने**
**(सम्मेलन संयोजक तथा गाउँपालिका अध्यक्ष)**

पाणिनि गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## पाणिनि तपोभूमि सम्मेलन - २०८१ को सचिवालय

दुर्गाफाँट, अर्घाखाँची, लुम्बिनी प्रदेश नेपाल

मिति: २०८१/१२/१३

ने.सं. ११४५ चिल्लागाः १२, बुधबार

**श्री प्रदेश सरकार सबै (७),**

**स्थानीय तह सबै (७५३)**

**विषयः सादर निमन्त्रणा !!**

महर्षि एवं सन्त महात्माहरुको तपोभूमि लुम्बिनी प्रदेश, अर्घाखाँची जिल्ला, पाणिनि गाउँपालिकामा अवस्थित देवभाषा संस्कृत व्याकरणका पिता महर्षि पाणिनिले आशुतोष भगवान् शिवको पूजा आराधना र तपस्या गर्दा साक्षात् शिव भगवान् प्रकट भई डमरु बजाउँदै तपस्वी महर्षि श्री पाणिनि ऋषिलाई वरदान स्वरूप चौध सुत्रहरू डमरुको धुनमा प्रदान गर्नुभएको तपस्थल पाणिनि तपोभूमिमा पाणिनि गाउँपालिका, अर्घाखाँची, रैनादेवी छहरा गाउँपालिका, पाल्पा, पर्यटन विकास परिषद्, बुटवल, रुपन्देही र नेपाल पर्यटन बोर्ड, काठमाडौँको संयुक्त आयोजनामा तपसिलको मिति, समय र स्थानमा हुने **"पाणिनि तपोभूमि सम्मेलन – २०८१"** मा यहाँहरुको गरिमामय उपस्थितिको लागि सादर निमन्त्रणा गर्दछौँ।

**तपसिल:**

**मिति: २०८१ चैत्र २७ र २८ गते,**

**समय:- बिहान १०:०० बजे,**

**स्थान:- पाणिनि तपोभूमि, अर्घाखाँची।**

रोमनाथ न्यौपाने
(सचिवालय-सचिव)

टेकराज न्यौपाने
(सम्मेलन संयोजक तथा गाउँपालिका अध्यक्ष)